# अर्थ बुलेटिन

वर्ष ६ अंक ७ माघ, २०८१

## नेपाल सरकार
## अर्थ मन्त्रालय



## सम्पादकीय

- राजस्व परिचालनमा सुधार हुँदै गएको छ। आर्थिक वर्ष २०८१/८२ को माघसम्म संघीय सरकारको राजस्व परिचालन १३.३ प्रतिशतले वृद्धि भएको र कुल खर्च ९.९ प्रतिशतले वृद्धि भएको छ। पूँजीगत खर्चमा ७.६ प्रतिशतले वृद्धि भएको छ।
- कुल वस्तु निर्यात र आयात क्रमश: ४६.५ प्रतिशतले र १०.१ प्रतिशतले बढेको छ भने व्यापार घाटा ६.२ प्रतिशतले वृद्धि भएको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ।
- वार्षिक विन्दुगत औसत उपभोक्ता मुद्रास्फीति ४.१६ प्रतिशत रहेको छ।
- वैदेशिक रोजगारमा नयाँ श्रम स्वीकृति लिई जाने कामदार तथा पुनः श्रमस्वीकृती लिने कामदारको संख्या समेत गत वर्षको तुलनामा वृद्धि भएको छ। साथै, विप्रेषण आप्रवाहमा न्यून दरले वृद्धि भएको छ। पर्यटन आगमनमा ४.६ प्रतिशतले वृद्धि भएको छ।
- वैदेशिक सहायता प्रतिवद्धतामा उल्लेख्य वृद्धि भएको छ।
- विदेशी मुद्रा सञ्चिति बढेको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्।
- समग्रमा मुलुकका समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक रहेका छन्।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को माघ महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ६ खर्व ८६ अर्व ७५ करोडको तुलनामा ९.९ प्रतिशतले वृद्धि भई रु. ७ खर्व ५४ अर्व ८५ करोड पुगेको छ। कुल खर्चमध्ये चालु खर्च ६९.२ प्रतिशत, पूँजीगत खर्च ९.१ प्रतिशत र वित्तीय व्यवस्था तर्फ २१.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको माघ महिनासम्म यस्तो खर्च क्रमशः ७४.१ प्रतिशत, ९.३ प्रतिशत र १६.६ प्रतिशत रहेको थियो। यस अवधिको चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्चमा क्रमशः २.७ प्रतिशत, ७.६ प्रतिशत र ४३.५ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (१): पछिल्लो ५ आर्थिक वर्षको माघ महिनासम्मको खर्चको स्थिति (रु.करोड)**

| विवरण/आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| चालु | ४०६८०.८२ | ४७५६२.४० | ५३१५०.१० | ५०९०४.२२ | ५२२६२.५३ |
| पूजीगत | ६३०१.८० | ६०७८.९६ | ६६२९.८४ | ६३५७.८९ | ६८४१.५९ |
| वित्तीय व्यवस्था | ३०११.३२ | ५४६१.१३ | ६९८५.८० | ११४१३.२६ | १६३८१.२२ |
| **कुल खर्च** | **४९९९३.९४** | **५९१०२.४९** | **६६७६५.७४** | **६८६७५.३७** | **७५४८५.३४** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको कुल खर्चमध्ये असोज महिनामा सबैभन्दा बढी २५.४ प्रतिशत र सबैभन्दा कम साउन महिनामा ५.३ प्रतिशत रकम खर्च भएको छ। चाडपर्व खर्च बापत रकम भुक्तानी हुँदा असोज महिनामा भएको खर्च भार बढी भएको हो।

**तालिका (२): चालु आर्थिक वर्षको मासिक खर्चको स्थिति (रु. करोड)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १२३८.२२ | ८५५.४८ | १९२७.०६ | ४०२०.७६ | ०.०५ |
| भदौ | ७०६०.४३ | ६३३.९२ | २०४०.१६ | ९७३४.५१ | ०.१३ |
| असोज | १४६८६.५६ | १४४८.०६ | ३०३०.२२ | १९१६४.८४ | ०.२५ |
| कात्तिक | ६२६७.४६ | ५१५.६४ | १७९८.८० | ८५८१.९० | ०.११ |
| मङ्सिर | ७१०२.४७ | ६२६.९६ | ६३८०.३३ | १४१०९.७६ | ०.१९ |
| पुष | ८८४५.१६ | १६१३.४४ | ६८९.८२ | १११४८.४२ | ०.१५ |
| माघ | ७०६२.२३ | ११४८.०९ | ५१४.८३ | ८७२५.१५ | ०.१२ |
| **जम्मा** | **५२२६२.५३** | **६८४१.५९** | **१६३८१.२२** | **७५४८५.३४** | **१.००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

३. चालु आर्थिक वर्षको माघसम्म राजस्व सङ्कलन वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को माघ महिनासम्म संघीय सरकारको कुल राजस्व रू. ६ खर्व ४२ अर्व ८५ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व र गैरकर राजस्वको अंश क्रमशः ८८.० प्रतिशत र १२.० प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ६ खर्व ५० अर्व ९१ करोड रहेको छ।


**तालिका (३): पछिल्लो ५ आर्थिक वर्षको माघ महिनासम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| विवरण/आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| कर | ४५८१०.१५ | ५६०८४.३२ | ४६४१९.०८ | ५१०४९.५५ | ५६५६४.३६ |
| गैरकर | ४०४२.३१ | ५२५६.७७ | ५०४९.८८ | ५६९०.७५ | ७७२१.०३ |
| **कुल राजस्व** | **४९८५२.४६** | **६१३४१.०९** | **५१४६८.९६** | **५६७४०.३०** | **६४२८५.३९** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. आर्थिक वर्ष २०७८/७९ को माघ महिनासम्म उच्च दरले वृद्धि भएको राजस्व आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा १६.१ प्रतिशतले घटेको थियो। तत्पश्चातका आर्थिक वर्षमा क्रमशः सुधार हुँदै चालु आर्थिक वर्षको पहिलो सात महिनामा राजस्व वृद्धिदर १३.३ प्रतिशत रहेको छ।


**चार्ट (१): पछिल्लो ५ आर्थिक वर्षको पहिलो सात महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोड)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. गत आर्थिक वर्षको माघ महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा गैरकर राजस्व तथा अन्तःशुल्कको अंश बढेकोले अन्य शिर्षकका करको अंश घटेको छ। गत आर्थिक वर्षको माघसम्मको कुल राजस्वमा गैरकर राजस्व तथा अन्तःशुल्कको हिस्सा क्रमशः १०.० प्रतिशत र १३.८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा वृद्धि भई क्रमशः १२.० प्रतिशत र १४.८ प्रतिशत पुगेको छ। यस अवधिको कुल राजस्वमा भन्सार महशुलको हिस्सा सिमान्त दरले बढेको छ भने अन्य करको हिस्सा घटेको छ।

**चार्ट (२): पछिल्लो २ आर्थिक वर्षको माघ महिनासम्मको सङ्कलित राजस्वको संरचना**




**आ. व. २०८०/८१**




**आ. व. २०८१/८२**

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (४) : पछिल्लो दुई आर्थिक वर्षको माघ महिनासम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | आ.व. २०८१/८२ वार्षिक लक्ष्य | २०८०/८१ माघसम्मको सङ्कलन | आ.व. २०८१/८२ को लक्ष्य र सङ्कलन | | वार्षिक लक्ष्यको तुलनामा सङ्कलन प्रतिशतमा | माघ महिनासम्मको लक्ष्यको तुलनामा सङ्कलन प्रतिशतमा | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| | | | माघसम्मको लक्ष्य | माघसम्मको सङ्कलन | | | |
| **भन्सार महशुल** | **३०७३६.२३** | **११००९.४५** | **१६९८१.५२** | **१२५८५.०७** | **४०.९** | **७४.१** | **१४.३** |
| **मूल्य अभिवृद्धि कर** | **३८६५२.००** | **१६४९७.६३** | **२१३८४.९१** | **१८२६०.०१** | **४७.२** | **८५.४** | **१०.७** |
| उत्पादन, बिक्री, सेवा | १६४३६.६६ | ६५३९.२३ | ८८३४.२३ | ७६२२.६८ | ४६.४ | ८६.३ | १६.६ |
| पैठारी | २२२१५.३४ | ९९५८.३९ | १२५५०.६८ | १०६३७.३४ | ४७.९ | ८४.८ | ६.८ |
| **अन्तःशुल्क** | **१९४९६.१६** | **७८५१.५६** | **१०४११.२५** | **९५०९.००** | **४८.८** | **९१.३** | **२१.१** |
| आन्तरिक उत्पादन | १४१८०.५८ | ५७५३.९७ | ७३८०.७८ | ६९६०.०० | ४९.१ | ९४.३ | २१.० |
| पैठारी | ५३१५.५८ | २०९७.५९ | ३०३०.४७ | २५४९.०० | ४८.० | ८४.१ | २१.५ |
| **शिक्षा सेवा शुल्क** | **४६५.७६** | **१८८.१०** | **१३७.४१** | **२१४.०४** | **४६.०** | **१५५.८** | **१३.८** |
| **आयकर** | **३९०७०.८१** | **१५५०२.८०** | **२०५६४.९२** | **१५९९६.२३** | **४०.९** | **७७.८** | **३.२** |
| आयकर | ३४०६२.३० | १२९२९.७४ | १७२९९.६५ | १३८३०.५० | ४०.६ | ७९.९ | ७.० |
| ब्याज कर | ५००८.५१ | २५७३.०६ | ३२६५.२७ | २१६५.७३ | ४३.२ | ६६.३ | -१५.८ |
| **कर राजस्व जम्मा** | **१२८४२०.९६** | **५१०४९.५४** | **६९४८०.०२** | **५६५६४.३६** | **४४.०** | **८१.४** | **१०.८** |
| **गैर कर जम्मा** | **१३५०९.३४** | **५६९०.७६** | **७५६४.७३** | **७७२१.०३** | **५७.२** | **१०२.१** | **३५.७** |
| **कूल राजस्व** | **१४१९३०.३०** | **५६७४०.३०** | **७७०४४.७५** | **६४२८५.३९** | **४५.३** | **८३.४** | **१३.३** |
| **अन्य प्राप्ति** | **०.००** | **२१३९.८३** | **०.००** | **८०५.५६** | **-** | **-** | **-६२.४** |
| **जम्मा राजस्व/प्राप्ति** | **१४१९३०.३०** | **५८८८०.१३** | **७७०४४.७५** | **६५०९०.९५** | **४५.९** | **८४.५** | **१०.५** |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत भन्सार बिन्दुमा सङ्कलन हुने पैठारी कर, निकासी कर, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

६. चालु आर्थिक वर्षको माघ महिनासम्म ब्याज कर सङ्कलन १५.८ प्रतिशतले कमी आएको छ भने अन्य शीर्षकका राजस्व सङ्कलनमा वृद्धि भएको छ। ब्याजदर घट्दै गएसँगै ब्याजकर तर्फको आयकर सङ्कलनमा सङ्कुचन आएको हो।

७. चालु आर्थिक वर्षको माघ महिनासम्म शिक्षा सेवा शुल्क सङ्कलन र गैरकर सङ्कलन लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ८३.४ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक लक्ष्यको ४५.३ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको माघ महिनासम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ५ खर्ब ६४ करोड ८२ लाखको तुलनामा १३.३ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ६७ अर्ब १९ करोड ३८ लाख पुगेको छ। यस अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व समेत १३.३ प्रतिशतले वृद्धि भएको छ।

## करको दायरा विस्तार

९. २०८१ माघसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को माघसम्ममा कुल ४ लाख २६ हजार ३ सय ३० स्थायी लेखा नम्बर लिएका करदाता थप भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा कुल ४ लाख ३३ हजार ७ सय ३ करदाता थप भई कुल सङ्ख्या ६६ लाख ५९ हजार ८ सय ३६ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल स्थायी लेखा नम्बरमा व्यावसायिक स्थायी लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः ३०.२ प्रतिशत, ०.५ प्रतिशत र ६९.३ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ४१ हजार ७ सय १६ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २३ हजार १ सय ३२ पुगेको छ।

**तालिका (५) : व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | आ.व.२०८०/८१ असार सम्म | २०८०/८१ माघसम्म थप | २०८१/८२ माघसम्म थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १९४४१०१ | ७०६४८ | ६८४८५ | २०१२५८६ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ३३३२८ | ३३७१ | १५१६ | ३४८४४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ४२४८७०४ | ३५२३११ | ३६३७०२ | ४६१२४०६ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६२२६१३३** | **४२६३३०** | **४३३७०३** | **६६५९८३६** |
| मू.अ.कर | ३२७४१७ | १६०३६ | १४२९९ | ३४१७१६ |
| अन्तः शुल्क | ११७३६८ | ६३१४ | ५७६४ | १२३१३२ |

स्रोतः आन्तरिक राजस्व विभाग ।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्रतिवद्धता

१०. चालु आर्थिक वर्षको माघसम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई रु. २ खर्ब २१ अर्ब ४५ करोड पुगेको छ। कुल सहायता प्रतिवद्धतामध्ये अनुदानको अंश २५.५ प्रतिशत रहेको छ भने ऋणको अंश ७४.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक सहायता प्रतिवद्धता रु. ८९ अर्ब ४९ करोड रहेको थियो।

११. कुल सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी ऊर्जा क्षेत्रमा २५.५ प्रतिशत प्राप्त भएको छ भने सबैभन्दा कम सुशासन क्षेत्रमा ०.२ प्रतिशत रकम प्राप्त भएको छ।

**चार्ट (३): वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत विवरण (प्रतिशत)**




स्रोतः अर्थ मन्त्रालय।

## सार्वजनिक ऋण

१२. आर्थिक वर्ष २०८१/८२ को माघ महिनासम्म संघीय सरकारको तीर्न बाँकी सार्वजनिक ऋण रू. २६ खर्ब ११ अर्ब ६ करोड पुगेको छ। कुल ऋणमध्ये (विनिमय दर नोक्सानबाट सिर्जितसहित) आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४९.१ प्रतिशत र ५०.९ प्रतिशत रहेको छ। यस अवधिमा विनिमय दर नोक्सानबाट सिर्जित (थप भएको) वैदेशिक ऋण दायित्व रु. ३६ अर्ब ५९ करोड पुगेको छ।

१३. चालु आर्थिक वर्षको प्रथम सात महिनामा संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. १ खर्ब २७ अर्ब २४ करोड र बाह्य ऋणतर्फ रु. २२ अर्ब ९६ करोड गरी कुल रु. १ खर्ब ५० अर्ब २० करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋण तर्फ रु. ३३ अर्ब ४५ करोड र बाह्य ऋणतर्फ रु. ५ अर्ब १० करोड गरी कुल रु. ३८ अर्ब ५५ करोड ब्याज भुक्तानी गरेको छ।

१४. आर्थिक वर्ष २०८१/८२ को माघ महिनासम्म संघीय सरकारले आन्तरिक ऋण रु. २ खर्ब २९ अर्ब १५ करोड र बाह्य ऋण रु. ६१ अर्ब ४२ करोड गरी कुल रु. २ खर्ब ९० अर्ब ५७ करोड ऋण प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

१५. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ३.८ प्रतिशत (रु. २ खर्ब ४५ अर्ब ३४ करोड) ले वृद्धि भएको छ। गत आर्थिक वर्षको माघ मसान्तमा यस्तो निक्षेप ७.० प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ९.७ प्रतिशतले वृद्धि भएको छ।

१६. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ५.६ प्रतिशतले (रु. २ खर्ब ८३ अर्ब ४६ करोड) ले वृद्धि भएको छ। गत आर्थिक वर्षमा यस्तो कर्जा ४.१ प्रतिशतले (रु. १ खर्ब ९७ अर्ब २१ करोड) ले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ माघ मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.३ प्रतिशतले वृद्धि भएको छ।

१७. २०८१ माघ मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् बैङ्क तथा बित्तीय संस्थाको शाखा सङ्ख्या २०८१ असार मसान्तमा ११ हजार ५ सय ३० रहेकोमा २०८१ को माघ महिनासम्म अवधिमा ११ हजार ५ सय ४० कायम भएको छ।

१८. निक्षेप तथा कर्जाको ब्याजदर घटेको छ। २०८० माघमा ७.०१ प्रतिशत रहेको वाणिज्य बैंकको निक्षेपको औसत ब्याजदर २०८१ माघमा ४.६२ प्रतिशतमा झरेको छ भने यस अवधिमा कर्जाको ब्याजदर ११.०८ प्रतिशतबाट ८.५५ प्रतिशतमा झरेको छ।

१९. बैंकहरुको निष्कृय कर्जा वृद्धि भएको छ। २०८० माघमा ३.७३ प्रतिशत रहेको निष्कृय कर्जा २०८१ को सोही अवधिमा ४.९२ प्रतिशत पुगेको छ।

## बीमा क्षेत्र

२०. बीमा क्षेत्रका परिसूचकहरु बढेका छन्। कुल बीमालेख सङ्ख्या र बीमाशुल्क सङ्कलन वृद्धि भएको छ भने बीमाको दायरामा आएको जनसङ्ख्या सामान्य घटेको छ।

२१. चालु आर्थिक वर्षको माघसम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.०९ प्रतिशतले वृद्धि भई १ करोड ५९ लाख ७५ हजार ७ सय ७५ पुगेको छ। यस अवधिमा बैदेशिक बीमालेख सङ्ख्यामा उल्लेख्य वृद्धि, निर्जीवन बीमालेख तथा म्यादी र लघु म्यादी बीमालेख सङ्ख्यामा समेत वृद्धि भए तापनि अन्य जीवन बीमालेख सङ्ख्यामा कमी आएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल बीमालेख सङ्ख्या १ करोड ५४ लाख ९७ हजार रहेको थियो।

२२. चालु आर्थिक वर्षको यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.३० प्रतिशतले वृद्धि भई रु. १ खर्ब २० अर्ब ७८ करोड ८९ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त रकम रू. १ खर्ब ९ अर्ब ५१ करोड ४ लाख रहेको थियो।


२३. चालु आर्थिक वर्षको माघसम्म जारी भएको म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४३.९४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४३.१६ प्रतिशत रहेको थियो।

२४. यस अवधिको कुल बीमालेखमध्ये जीवन बीमा र निर्जीवन बीमाको हिस्सा क्रमशः ८८.६ प्रतिशत र ११.४ प्रतिशत रहेको छ। गत वर्षको माघसम्म यस्तो हिस्सा क्रमशः ८९.० प्रतिशत र ११.० प्रतिशत रहेको थियो। यस अवधिको कुल बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.५ प्रतिशत र २०.५ प्रतिशत रहेको छ।

## पूँजी बजार

२५. २०८१ माघ मसान्तमा नेप्से सूचकाङ्क २६८५.७३ बिन्दुमा पुगेको छ। २०८० को सोही अवधिमा नेप्से सूचकाङ्क २१०१.१६ बिन्दुमा रहेको थियो। यस अवधिमा वार्षिक बिन्दुगत आधारमा बजार पूँजीकरण ३५.० प्रतिशतले वृद्धि भई रु. ४४ खर्ब ५८ अर्ब ५२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. ३३ खर्ब २ अर्ब ८४ करोड रहेको थियो।


**चार्ट (४): पछिल्लो ५ वर्षको माघ मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२६. २०८१ माघ महिनाको २ गते २५९५.९६ बिन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावका बीच महिनाको अन्तिम कारोबार भएको दिन माघ ३० गते २६८५.७३ बिन्दुमा रहेको छ। समग्रमा माघ महिनामा नेप्से सूचकाङ्कको बढ्दो दरमा रहेको छ।

**चार्ट (५): २०८१ माघ महिनाको नेप्से सूचकाङ्क**





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।

## समग्र मूल्य स्थिति

२७. २०८१ को माघ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.०१ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.९५ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.७४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ६.५९ प्रतिशत र ३.९८ प्रतिशत रहेको थियो ।

चार्ट (६): वार्षिक बिन्दुगत मुद्रास्फीति (प्रतिशत)




२८. चालु आर्थिक वर्षको साउन देखि माघ महिनासम्मको औसत मुद्रस्फीति ४.८६ प्रतिशत रहेको छ।

## मुद्राप्रदाय

२९. चालु आर्थिक वर्षको पहिलो सात महिनामा विस्तृत मुद्राप्रदाय ४.४ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ७.० प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ माघ मसान्तमा विस्तृत मुद्राप्रदाय १०.१ प्रतिशतले वृद्धि भएको छ ।

## बाह्य क्षेत्र

३०. चालु आर्थिक वर्षको पहिलो सात महिनाको अवधिमा कुल व्यापार १३.३ प्रतिशतले बढेको छ। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क विश्लेषण गर्दा चालु आर्थिक वर्षको माघसम्ममा निर्यात आयात अनुपात सबैभन्दा उच्च १२.९ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश ११.४ प्रतिशत रहेको छ। यस अघि आर्थिक वर्ष २०७८/७९ मा निर्यात आयात अनुपात ११.५ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश १०.३ प्रतिशत रहेको थियो। अन्य आर्थिक वर्षमा उक्त अनुपात न्यून रहेको छ।

**तालिका (६) : पछिल्लो पाँच आर्थिक वर्षको माघ महिनासम्मको वस्तु व्यापारको विवरण (मूल्य रु. करोड)**

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| आयात | ८०३६४ | ११४,७४७ | ९१,९१७ | ८९७९४.२७ | ९८८५८.८६ |
| निर्यात | ६९९२ | १३,१६६ | ९,३४३ | ८६८२.९ | १२७२०.४७ |
| कुल व्यापार | **८७३५६** | **१२७,९१३** | **१०१,२६०** | **९८,४७७.२** | **१११,५७९.३** |
| व्यापार घाटा | ७३,३७३ | १०१,५८२ | ८२,५७३ | ८१,१११ | ८६,१३८ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ८.७ | ११.५ | १०.२ | ९.७ | १२.९ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९२.० | ८९.७ | ९०.८ | ९१.२ | ८८.६ |
| कुल व्यापारमा निर्यातको अंश(प्रतिशतमा) | ८.० | १०.३ | ९.२ | ८.८ | ११.४ |

स्रोतः भन्सार विभाग।

## वस्तु निर्यात

३१. आर्थिक वर्ष २०८१/८२ को पहिलो सात महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४६.५ प्रतिशतले वृद्धि भई रु. १ खर्ब २७ अर्ब २० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. ८६ अर्ब ८३ करोड रहेको थियो। २०८१ माघसम्ममा भटमासको प्रशोधित तेल तथा सूर्यमूखीको प्रशोधित तेलको निर्यात उच्च दरले बढेको छ भने चिया, सेन्थेटिक यार्न, प्लाइउड, गलैंचा लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ। यस अवधिमा फलामे पाता, फलफुलको जुस, प्रशोधित पाम तेल, तयारी कपडा लगायतका वस्तुको निर्यात घटेको छ।

३२. भारततर्फ हुने निर्यातको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ को पहिलो सात महिनामा भएको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ७७.० प्रतिशत, १.६ प्रतिशत र २१.४ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६७.६ प्रतिशत, २.१ प्रतिशत र ३०.२ प्रतिशत रहेको थियो।

३३. यस अवधिमा भारत, चीन र अन्य मुलुक तर्फ भएको निर्यातमा क्रमशः ६६.९ प्रतिशत, ८.६ प्रतिशत र ३.५ प्रतिशतले वृद्धि भएको छ ।

**तालिका (७): पछिल्लो दुई आर्थिक वर्षको माघ महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (रु. करोड)**

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल (प्रशोधित) | ५४.१५ | ३२४१.६१ | ५८८६.४ |
| सेन्थेटिक यार्न | ६४१.७६ | ८१०.५४ | २६.३ |
| सुर्यमुखिको प्रशोधित तेल | १४.८७ | ६५७.६८ | ४३२२.९ |
| उनी गलैंचा कार्पेट | ६०७.५९ | ६४६.८७ | ६.५ |
| अलैची | ४४४.३५ | ५३९.७७ | २१.५ |
| प्लाइउड | ४२१.१४ | ५०५.६७ | २०.१ |
| तयारी कपडा | ५२२.०४ | ४९३.०६ | -५.६ |
| फलामे पाता | ७०५.१५ | ४८९.२२ | -३०.६ |
| फलफुलको जुस | ४३८.७६ | ३९६.७३ | -९.६ |
| अन्य | ४५९९.७८ | ४५९८.५६ | ०.० |
| **कुल** | **८६८२.९०** | **१२७२०.४७** | **४६.५** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३४. चालु आर्थिक वर्ष २०८१/८२ को माघ महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.१ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ८८ अर्ब ५९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात २.३ प्रतिशतले कमी आई रु. ८ खर्ब ९७ अर्ब ९४ करोड रहेको थियो।

३५. चालु आर्थिक वर्षको माघ महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भटमासको कच्चा तेल, सूर्यमुखीको कच्चा तेल, शुद्ध फलाम, तयारी कपडा, एल पी ग्यास लगायतका वस्तुको आयात बढेको छ भने डिजेल, एच.आर सीट, पेट्रोल लगायतका वस्तुको आयात घटेको छ। यस अवधिमा पेट्रोलको आयात परिमाणमा वृद्धि भएतापनि आयात मूल्यमा कमी आएको छ।

३६. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६०.३ प्रतिशत, १९.५ प्रतिशत र २०.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६१.८ प्रतिशत, १९.३ प्रतिशत र १८.८ प्रतिशत रहेको थियो।

३७. यस अवधिमा भारत, चिन र अन्य मुलुकतर्फको आयातमा क्रमशः ७.५ प्रतिशत, ११.२ प्रतिशत र १७.५ प्रतिशतलेले वृद्धि भएको छ।

**तालिका (८): पछिल्लो दुई आर्थिक वर्षको माघ महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (रु. करोड)**

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ७७४१.९८ | ६६४८.०२ | -१४.१ |
| भटमासको तेल कच्चा | ८५४.७१ | ३८२९.७४ | ३४८.१ |


| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| पेट्रोल | ३८८२.६३ | ३७६४.१५ | -३.१ |
| एल पि ग्यास | ३०३१.२७ | ३५४७.६७ | १७.० |
| शुद्ध फलाम | २२६६.३८ | २९९५.०५ | ३२.२ |
| तयारी कपडा | २१४५.९ | २५३४.२४ | १८.१ |
| एच.आर.सिट | २५९२.५२ | २४२४.७३ | -६.५ |
| मोवाइल टेलिफोन | १८१७.०४ | २०२०.८३ | ११.२ |
| अन्य एलोपेथीक औषधी | १६१२.७१ | १८१६.२५ | १२.६ |
| सुर्यमुखिको कच्चा तेल | ९५७.४२ | १७१३.९७ | ७९.० |
| अन्य | ६२८९१.७२ | ६७५६४.२१ | ७.४ |
| **कुल** | **८९७९४.२८** | **९८८५८.८६** | **१०.१** |

स्रोतः भन्सार विभाग ।

## व्यापार घाटा

३८. आर्थिक वर्ष २०८१/८२ को माघ महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.२ प्रतिशतले वृद्धि भई रु. ८ खर्ब ६१ अर्ब ३८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा १.८ प्रतिशतले सुधार भएको थियो। कुल वस्तु निर्यातको वृद्धिदर वस्तु आयातभन्दा बढी भए तापनि आयात व्यापारको आकार बढी हुँदा व्यापार घाटा वृद्धि भएको हो।


**चार्ट (७): पछिल्लो ५ आर्थिक वर्षको माघ महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्ब)**




स्रोतः भन्सार विभाग।

३९. नेपालको कुल व्यापारमा आयातको हिस्सा उच्च रहदै आएको छ। निर्यातको अंश अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन। विगत पाँच आर्थिक वर्षमध्ये चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो सात महिनासम्म कुल व्यापारमा निर्यातको हिस्सा सबैभन्दा बढी ११.४ प्रतिशत रहेको छ। यस अघि आर्थिक वर्ष २०७८/७९ को प्रथम सात महिनामा कुल व्यापारमा निर्यातको हिस्सा १०.३ प्रतिशत पुगेकोमा त्यसपछिका वर्षहरुमा यस्तो हिस्सा क्रमशः न्यून हुँदै गएको थियो। निर्यात व्यापार वृद्धि तथा यसको दिगोपनाको लागि पहल गर्नुपर्ने देखिन्छ।

**चार्ट (८): पछिल्लो ५ आर्थिक वर्षको पहिलो सात महिनाको वैदेशिक व्यापारको स्थिति (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग ।

### सेवा व्यापार

४०. आर्थिक वर्ष २०८१/८२ को पहिलो सात महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. १ खर्ब ३६ अर्ब २७ करोडको तुलनामा १.४ प्रतिशतले कमी आई रु. १ खर्ब ३४ अर्ब ३४ करोड रहेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रु. १ खर्ब ७२ अर्ब ६५ करोडको तुलनामा ६.९ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३४ अर्ब ३४ करोड पुगेको छ।

४१. आर्थिक वर्ष २०८१/८२ को माघ महिनासम्म खुद सेवा आय रु.५० अर्ब २२ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रु.३६ अर्ब ३८ करोडले घाटामा रहेको थियो।

### विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४२. चालु आर्थिक वर्षको पहिलो सात महिनामा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.३ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ५८ करोड (अमेरिकी डलर ६ अर्ब ६५ करोड) पुगेको छ। गत आर्थिक वर्षको माघ महिनासम्म विप्रेषण आप्रवाह रु. ८ खर्ब ३९ अर्ब ३ करोड (अमेरिकी डलर ६ अर्ब ३१ करोड) रहेको थियो।

४३. नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा वृद्धि भएको छ। चालु आर्थिक वर्षको पहिलो सात महिनामा वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या ११.९ प्रतिशतले वृद्धि भई २ लाख ७४ हजार ६ सय २२ पुगेको छ। गत आर्थिक वर्षको माघ सम्ममा यस्तो सङ्ख्या २२.० प्रतिशतले घटेर २ लाख ४५ हजार ४ सय ३२ रहेको थियो।

४४. यस अवधिमा पुनः श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा समेत २१.५ प्रतिशतले वृद्धि भई १ लाख ९० हजार ८ सय ८६ पुगेको छ।

### चालु खाता एवम् शोधनान्तर स्थिति

४५. आर्थिक वर्ष २०८१/८२ को पहिलो सात महिनामा चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। चालु खाता गत आर्थिक वर्ष २०८०/८१ को माघ महिनासम्म रू. १ खर्ब ६२ अर्ब ५२ करोडले बचतमा रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रू.१ खर्ब ६६ अर्ब ८० करोडले बचतमा रहेको छ। यस अवधिमा चालु खाता अमेरिकी डलरमा १ अर्ब २४ करोडले बचतमा रहेको छ।

४६. आर्थिक वर्ष २०८१/८२ को पहिलो सात महिनामा शोधनान्तर स्थिति रु. २ खर्ब ८४ अर्ब ४१ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. २ खर्ब ९७ अर्ब ७२ करोडले बचतमा रहेको थियो। चालु आर्थिक वर्षको मङ्सिर मसान्तमा शोधनान्तर बचत अमेरिकी डलरमा २ अर्ब ११ करोड रहेको छ।

### विदेशी विनिमय सञ्चिति

४७. २०८१ मङ्सिर मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८१ असारमसान्तको तुलनामा १६.१ प्रतिशतले वृद्धि भई रू. २३ खर्ब ६९ अर्ब ८ करोड पुगेको छ। यस अवधिमा अमेरिकी डलरमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असारमसान्तको तुलनामा ११.७ प्रतिशतले वृद्धि भई १७ अर्ब ५ करोड पुगेको छ।

४८. आर्थिक वर्ष २०८१/८२ को पहिलो सात महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चितिले १७.२ महिनाको वस्तु आयात तथा १४.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर

४९. २०८१ असार मसान्तको तुलनामा २०८१ माघ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ३.८० प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३८.६३ पुगेको छ। २०८१ असार मसान्तमा उक्त विनिमय दर रु. १३३.३६ रहेको थियो।

## पर्यटक आगमन

५०. पर्यटक आगमनमा निरन्तर वृद्धि भएको छ। सन् २०२४ मा नेपाल भित्रिने विदेशी पर्यटकको सङ्ख्या ११.६ प्रतिशतले बढेर ११ लाख ४७ हजार ५ सय ६७ पुगेको छ। गत वर्षमा नेपाल आएका पर्यटकको सङ्ख्या १० लाख १४ हजार ८ सय ७६ रहेको थियो।

५१. सन् २०२४ को अगस्टदेखि फेब्रुअरीसम्म नेपाल आउने पर्यटकको सङ्ख्या ६ लाख ८८ हजार ८ सय ६६ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ६ लाख ५७ हजार १ सय ९५ रहेको थियो।

५२. आर्थिक वर्ष २०८१/८२ को माघसम्म भ्रमण आयमा ७.७ प्रतिशतले वृद्धि भई रु. ४९ अर्ब २१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अबधिमा यस्तो आय रु. ४५ अर्ब ६८ करोड रहेको थियो। यस अवधिमा भ्रमण व्ययमा १०.६ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १५ अर्ब ८८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो व्यय रु. १ खर्ब ४ अर्ब ७५ करोड रहेको थियो।

५३. चालु आर्थिक वर्षको पहिलो सात महिनामा वैदेशिक अध्ययनमा गएका विद्यार्थीले रु. ६४ अर्ब १५ करोड रकम मुलुक बाहिर लगेका छन्। गत आ.व. को सोही अवधिमा यस्तो रकम रु. ६६ अर्ब ६४ करोड रहेको थियो। चालु आर्थिक वर्षको माघसम्म शिक्षा क्षेत्रमा रु. २ अर्ब ८९ करोड रकम भित्रिएको छ।

अनुसूची

आर्थिक वर्ष २०८१/८२ को ७ महिनाको मासिक आर्थिक चर/परिसूचकहरु

| सूचक/परिसूचकहरू | ईकाइ | आर्थिक वर्ष २०८१/८२ | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कार्तिकसम्म | मंसिरसम्म | पुससम्म | माघसम्म |
| **वास्तविक क्षेत्र** | | | | | | | | |
| उपभोक्ता मुद्रास्फीति | प्रतिशतमा | ४.०९ | ३.८६ | ४.८१ | ५.५९ | ६.०५ | ५.४१ | ४.१६ |
| खाद्य तथा पेय पदार्थ | प्रतिशतमा | ६.१५ | ५.०१ | ७.१८ | ९.१० | ९.९९ | ७.६७ | ४.९५ |
| गैर खाद्य तथा सेवा | प्रतिशतमा | २.९५ | ३.१९ | ३.५० | ३.७० | ३.९२ | ४.१९ | ३.७४ |
| **सार्वजनिक वित्त** | | | | | | | | |
| कर राजस्व | रु. करोडमा | ७७४१ | १४५१९ | २१९६८ | २८९९० | ३६२५८ | ४८९४० | ५६५६४ |
| गैरकर राजस्व | रु. करोडमा | १७३३ | २११९ | २८५८ | ३३३४ | ३७०२ | ७०२१ | ७७२१ |
| **कूल राजस्व** | **रु. करोडमा** | **९४७४** | **१६६३८** | **२४८२६** | **३२३२४** | **३९९६०** | **५५९६१** | **६४२८५** |
| अन्य प्राप्ति | रु. करोडमा | २२१ | ३१३ | ४७५ | ५७८ | ६१७ | ७७९९ | ८०६ |
| **जम्मा राजस्व/प्राप्ति** | **रु. करोडमा** | **९६९५** | **१६९५१** | **२५३०१** | **३२९०२** | **४०५७७** | **६३७६०** | **६५०९१** |
| बाँटफाँट हुने राजस्व (प्रदेश र स्थानीय तहमा (बाँडफाँट अघिको रोयल्टी बाहेक)) | रु. करोडमा | १०५३ | २०३८ | ३०८२ | ४१४९ | ५३५४ | ६४७० | ७५६६ |
| चालु खर्च | रु. करोडमा | १२३८ | ८२९९ | २२९८५ | २९२५३ | ३६३५५ | ४५२०० | ५२२६३ |
| पूँजीगत खर्च | रु. करोडमा | ८५५ | १४८९ | २९३७ | ३४५३ | ४०८० | ५६९४ | ६८४२ |
| वित्तीय व्यवस्था | रु. करोडमा | १९२७ | ३९६७ | ६९९७ | ८७९६ | १५१७७ | १५८६६ | १६३८१ |
| **कुल सार्वजनिक खर्च** | **रु. करोडमा** | **४०२०** | **१३७५५** | **३२९१९** | **४१५०२** | **५५६१२** | **६६७६०** | **७५४८६** |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. करोडमा | १२०३९० | १२३५९० | १२३६३० | १२५२१६ | १२१७६६ | १२३४७१ | १२८२८१ |
| तिर्न बाँकी बााह्य ऋण | रु. करोडमा | १२६८५४ | १२९२७२ | १२८६७४ | १२६५९० | १२७४७५ | १३०१४२ | १३२८२५ |
| **कुल तिर्न बाँकी सार्वजनिक ऋण** | **रु. करोडमा** | **२४७२४४** | **२५२८६२** | **२५२३०४** | **२५१८०६** | **२४९२४१** | **२५३६१३** | **२६१११०६** |
| आन्तरिक ऋण प्राप्ति | रु. करोडमा | ४००० | ९००० | ११५०० | १४४०० | १६४०० | १८१०५ | २२९१५ |
| बाह्य ऋण प्राप्ति | रु. करोडमा | ३५९ | १४०५ | २१३२ | २१७२ | २८२९ | ५९०३ | ६१४२ |
| **ऋण प्राप्ति (आन्तरिक र वाह्य)** | **रु. करोडमा** | **४३५९** | **१०४०५** | **१३६३२** | **१६५७२** | **१९२२९** | **२४००८** | **२९०५७** |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रु. करोडमा | १७०० | ३५०० | ५९६० | ७२७४ | १२७२४ | १२७२४ | १२७२४ |
| बाह्य ऋणको सावाँ भुक्तानी | रु. करोडमा | २२७ | ४६७ | ९४३ | १३५८ | १७३२ | २२४३ | २२९६ |
| **आन्तरिक र बाह्यऋणको सावाँ भुक्तानी** | **रु. करोडमा** | **१९२७** | **३९६७** | **६९०३** | **८६३२** | **१४४५६** | **१४९६७** | **१५०२०** |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्वता | रु. करोडमा | १६०५ | ३७१८ | ३७१८ | ५७३१ | ९६७२ | २०२२९ | २२१४५ |
| स्थायी लेखा नम्बर (हालसम्म) | (हजारमा) | ६४१९ | ६३७२ | ६४१८ | ६४५९ | ६५२१ | ६५८८ | ६६६० |
| **सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | | | |
| कर राजस्व | प्रतिशतमा | १०.३ | १३.५ | १०.१ | १४.० | ७.५ | १०.३ | १०.८ |
| गैर कर राजस्व | प्रतिशतमा | ९९.२ | ६१.५ | ४५.४ | ४९.२ | ४१.१ | ३२.६ | ३५.७ |
| कुल राजस्व | प्रतिशतमा | २०.१ | १७.९ | १३.३ | १६.८ | १०.० | १२.७ | १३.३ |
| अन्य प्राप्ति | प्रतिशतमा | -७६.१ | -७६.२ | -६९.३ | -६४.५ | -६५.२ | ३१२.६ | -६२.३ |
| जम्मा राजस्व/प्राप्ति | प्रतिशतमा | १०.० | ९.९ | ७.९ | १२.३ | ६.५ | २३.७ | १०.५ |
| चालु खर्च | प्रतिशतमा | २.० | -५.३ | ७.७ | ७.९ | १.० | ३.३ | २.७ |
| पूँजीगत खर्च | प्रतिशतमा | ९३८.८ | ८२.५ | ६४.७ | १५.१ | १३.१ | १५.६ | ७.६ |
| वित्तीय व्यवस्था | प्रतिशतमा | -१२.७ | १२.३ | ४१.८ | ६१.५ | १६६.५ | ९८.३ | ४३.५ |
| कुल सार्वजनिक खर्च | प्रतिशतमा | १४.७ | ४.९ | १७.३ | १६.७ | २२.८ | १७.८ | ९.९ |
| **मुद्रा तथा बैंकिङ** | | | | | | | | |
| विस्तृत मुद्राप्रदाय (M2) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.६ | १३.७ | १३.३ | १२.१ | ११.२ | १०.२ | १०.१ |
| संकुचित मुद्राप्रदाय (M1) (वार्षिक बिन्दुगत)) | प्रतिशतमा | १३.५ | ४.७ | ५.० | २.२ | ३.५ | १.९ | ४.२ |
| एम ३ (M3) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.७ | १३.७ | १३.१ | १२.० | ११.० | १०.१ | १०.० |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.९ | १३.८ | १२.८ | १२.६ | १०.९ | ९.९ | ९.७ |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ७.७ | ६.३ | ६.१ | ५.१ | ४.९ | ४.८ | ४.३ |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ६.२ | ६.६ | ६.० | ६.२ | ७.० | ७.० | ७.३ |
| निक्षेपको ब्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ५.६६ | ५.५३ | ५.२४ | ५.०१ | ४.७८ | ४.७५ | ४.६२ |
| कर्जाको ब्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ९.६८ | ९.५२ | ९.३३ | ९.०७ | ८.९० | ८.६९ | ८.५५ |

अनुसूची

आर्थिक वर्ष २०८१/८२ को ७ महिनाको मासिक आर्थिक चर/परिसूचकहरु

| सूचक/परिसूचकहरू | ईकाइ | आर्थिक वर्ष २०८१/८२ | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कार्तिकसम्म | मंसिरसम्म | पुससम्म | माघसम्म |
| औषत आधारदर (वाणिज्य बैंक) | प्रतिशतमा | ७.६१ | ७.४९ | ७.२९ | ७.०२ | ६.८२ | ६.६५ | ६.४६ |
| वैक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्यामा) | ११५१४ | ११५३३ | ११५३९ | ११५४२ | ११५५० | ११५४५ | ११५४० |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | रुपैंयामा | ३०००.८१ | २५८०.७६ | २७४२.८९ | २७४८.७८ | २६८२.३ | २५९४.१३ | २६८५.७३ |
| बजार पूँजीकरण | रु. करोडमा | ४७६५९१ | ४१०३६२ | ४३६१४५ | ४३७६९० | ४४४९११ | ४३०२८८ | ४४५८५२ |
| कुल बीमा प्रिमियम सङ्कलन | रु. करोडमा | २२८९ | ३८०१.५ | ५२८७.५१ | ६८०५.७७ | ८३६६ | १०२४८ | १२०७९ |
| बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादि, लघुम्यादि बैदेशिक रोजगार जीवन बीमालेख सहित) | प्रतिशतमा | ४२.७ | ४२.९२ | ४२.८४ | ४२.९२ | ४३.०२ | ४३.६२ | ४३.९४ |
| **बाह्य क्षेत्र** | | | | | | | | |
| चालु खाता | रु. करोडमा | ३०८९ | ४९६९ | १११८७ | १४३४२ | १४०७१ | १४८१७ | १६६८० |
| चालु खाता (अमेरिकी डलरमा) | दश लाखमा | २३० | ३७० | ८३४ | १०६५ | १०४० | १०८४ | १२३७ |
| शोधनान्तर स्थिति | रु. करोडमा | ४०९० | १०१७७ | १८४९९ | २०५८३ | २२५३४ | २४९२६ | २८४४१ |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | दश लाखमा | ३०५ | ७५८ | १३७९ | १५२८ | १६६५ | १८२३ | २१०६ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु. करोडमा | १३६९३.२ | २६३१३.९ | ४०७३०.९ | ५२१६३.५ | ६४०४३ | ७६३०८ | ९००५८ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | दश लाखमा | १०१८.९ | १९५९.७ | ३०३६.७ | ३८७३.४ | ४७३२.९ | ५५८१ | ६६५१ |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोडमा | २०९२२२ | २१५२५३ | २२३२२८ | २२५५३५ | २२७३२७ | २३१६८४ | २३६९०८ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | दश लाखमा | १५५७६ | १६०३६ | १६६०१ | १६७०१ | १६७५६ | १६८४४ | १७०५२ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिनामा | १७.० | १७.० | १८.० | १८.० | १७.६ | १७.३ | १७.२ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिनामा | १३.० | १४.० | १५.० | १५.१ | १४.६ | १४.४ | १४.४ |
| कुल वस्तु निर्यात | रु. करोडमा | १२२३ | २५०९ | ३८३८ | ५२६७ | ७३६६ | ९८७९ | १२७२० |
| कुल वस्तु आयात | रु. करोडमा | १२८३८ | २६२५४ | ३९०७५ | ५१३३९ | ६६१४९ | ८२२३७ | ९८८५९ |
| कुल वैदेशिक व्यापार | रु. करोडमा | १४०६१ | २८७६३ | ४२९१३ | ५६६०६ | ७३५१५ | ९२११६ | १११५७९ |
| कुल वस्तु व्यापार घाटा | रु. करोडमा | ११६१५ | २३७४५ | ३५२३७ | ४६०७२ | ५८७८३ | ७२३५८ | ८६१३९ |
| प्रत्यक्ष लगानी आप्रवाह (ईक्विटि मात्र) | रु. करोडमा | ८० | २७१ | ४८१ | ५७६ | ६०३ | ६५० | ७४५ |
| वैदेशिक लगानी स्वीकृति | रु. करोडमा | ८५६ | १२१२ | १५४३ | १७०४ | २०७८ | २५७८ | ३६८४ |
| भ्रमण आय | रु. करोडमा | ४४७ | १०५३ | १७७२ | २६८४ | ३५१९ | ४१८६ | ४९२१ |
| भ्रमण खर्च | रु. करोडमा | २२५० | ४३४९ | ५५.७८ | ६८३१ | ८५०१ | १०१९२ | ११५८८ |
| **बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | | | |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशतमा | १८.० | १५.२ | ११.५ | ९.१ | ४.४ | ४.१ | ७.३ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशतमा | १६.७ | १३.५ | १०.२ | ७.५ | २.५ | १.१ | ५.३ |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशतमा | ३३.० | ३४.६ | ३५.९ | ३२.९ | २८.६ | २७.५ | २८.४ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशतमा | ३१.४ | ३३.५ | ३४.६ | ३०.९ | २५.९ | २३.० | २२.८ |
| वस्तु निर्यात | प्रतिशतमा | -९.६ | -५.१ | -६.१ | ४.२ | १६.५ | ३१.८ | ४६.५ |
| वस्तु आयात | प्रतिशतमा | -०.७ | १.१ | -४.२ | ०.२ | ३.० | ७.१ | १०.१ |
| कुल वैदेशिक व्यापार | प्रतिशतमा | -१.५ | ०.५ | -४.३ | ०.५ | ४.२ | ९.३ | १३.३ |
| वस्तु व्यापार घाटा | प्रतिशतमा | ०.४ | १.८ | -४.० | -०.३ | १.५ | ४.४ | ६.२ |
| वैदेशिक लगानी आप्रवाह (ईक्विटि मात्र) | प्रतिशतमा | -६९.८ | -९.७ | ४२.३ | ५७.८ | ५३.४ | ४३.२ | ४३.५ |
| भ्रमण आय | | १.६ | १२.० | ३.४ | ४.३ | ३.१ | ५.१ | ७.७ |
| भ्रमण खर्च | | ३०.४ | २२.२ | -९८.९ | १०.३ | १२.३ | ९.७ | १०.६ |
| **अन्य** | | | | | | | | |
| विनिमय दर ( $1 = रु. ...) | रुपैंयामा | १३४.०२ | १३३.९३ | १३४.१७ | १३४.७४ | १३५.३७ | १३७.२५ | १३८.६३ |
| पर्यटक आगमन | हजारमा | ७२ | १६९ | २९३ | ४०८ | ५०० | ५८० | ६८९ |